# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, पुस १ गते २०४१ साल (अतिरिक्ताङ्क ४८ (क)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट २०४१ साल पुस १ गते श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसको उपलक्ष्यमा राष्ट्रका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको माध्यमबाट मुलुकको विकास अभियानमा लागेका हामी नेपालीहरूको निम्ति आजको दिन स्वभावतः महत्वपूर्ण हुन आउँछ । त्यसैले सदा झैं आज पनि यस व्यवस्थाका प्रवर्तक हाम्रा पूज्य बुबाज्यू स्वर्गीय श्री ५ महेन्द्रप्रति सभक्ति श्रद्धाञ्जलि अर्पण गर्नु हामी सबैको कर्तव्य हुन आउँछ ।

२. आजभन्दा २४ वर्षअघि देशको सार्वभौमिकता र अखण्डतामाथि दलगत व्यवस्थाले ल्याएको आँच आउन सक्ने स्थितिबाट बचन नेपालले दलविहीन पञ्चायत प्रजातन्त्रको बाटो अपनाएको कुरा सर्वविदितै छ । यस सन्दर्भमा विभिन्न किसिमको राजनैतिक सिद्धान्तको विवाद र फन्दामा परी नवोदित राष्ट्रहरूले भोगेका तीता अनुभव-लाई पनि हामीले बिर्सन सक्दैनौं । पहिलेको जस्तो उपनिवेशवादको जगजगी अहिले छैन तर पनि त्यसको छायाँ नवउपनिवेशबादको रूपमा धेरैजसो मुलुकहरूमा छाएकै

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पाइन्छ । त्यसैले आफ्नो देशको स्वतन्त्रता र अखण्डतालाई जोगाउन प्रत्येक देशवासी सजग हुनुपर्दछ । अनुशासनहीनताको स्थितिमा मानिसले सही रूपमा स्वतन्त्रताको उपभोग गर्न सक्दैन । त्यसैले राष्ट्रिय जनमत संग्रहमा नेपाली जनताले गरेको निर्णयलाई कदर गर्दै आज दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थालाई हामीले मर्यादित भएर अगाडि बढाउँदै लैजानु हाम्रो कर्तव्य हुन आउँछ ।

३. विगतका वर्षहरूमा हामीले निश्चय पनि केही उपलब्धिहरू हासिल गरेका छौं । देशको स्वतन्त्रता र एकतालाई अक्षुण्ण राख्दै विकासका पूर्वाधारहरू खडा गर्नमा हामीले अवश्य पनि पाइला चाल्न सकेका छौं । हाम्रा त्रुटीहरू पनि होलान्, तर तिनलाई लुकाउनु साटो सुधार गरेर नै हामी दीर्घकालीन दृष्टिकोण लिएर अघि बढ्नु हितकर हुन्छ । राजनीति भन्ने कुरा कहीं पनि व्यक्तिगत स्वार्थको लागि मात्र खेलिने खेलौना हुनु हुँदैन । पञ्चायत व्यवस्थाका आफ्नै राजनैतिक सिद्धान्त र मान्यताहरू छन् । यिनलाई व्यक्तिगत स्वार्थसिद्धिको निम्ति प्रयोग गरिँदा समाजमा अन्ततोगत्वा के कस्तो असर पर्न जान्छ भन्ने कुरातर्फ हामीहरू सचेत हुनु राम्रो हुन्छ । आजको दिनमा यस कुरालाई समेत हृदयङ्गम गरी सदा झैं नेपाल र नेपालीको हित र विकासमा निर्बाधरूपले अघि बढ्न सकौं– यही नै हाम्रो कामना छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

६९४



श्री ५ को सरकारको छापाखाना सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।